SAFERWORLD

Working to prevent violent conflict

अध्ययन प्रतिवेदन

# काठमाण्डौ उपत्यका भित्र सार्वजनिक सुरक्षा र अपराधसम्बन्धी धारणा

**पौष, २०६८**

## १. परिचय[१]

सरकार र माओवादी जनमुक्ति सेनाबीचको दश वर्षे सशस्त्र द्वन्द्व २०६३ मा विस्तृत शान्ति सम्झौतासँगै अन्त्य भयो । त्यसपछिको कालखण्डमा नेपालमा राजनीतिक अस्थिरता, शान्ति सम्झौताको कार्यान्वयनमा ढिलासुस्तीका साथै हिंसा र असुरक्षाको प्रकृतिमा ठूलो परिवर्तन आएको छ । विशेषतः अघिल्ला अध्ययन[२] र भर्खरै गरिएको मिडिया सर्वेक्षणले के देखाउँछ भने विशेष गरेर तराईका शहरी क्षेत्रहरूमा र नेपालकै सबैभन्दा ठूलो शहर काठमाण्डौ उपत्यका (काठमाण्डौ, भक्तपुर र ललितपुर लगायत) मा आपराधिक हिंसाका घटना बढ्दै गएको छ । यी भौगोलिक क्षेत्रहरूमा र यसका आसपासमा द्वन्द्वपछि सक्रिय रहेका आपराधिक समूहले फाट्टफुट्ट गराउने साना ठूला घटनाहरूले यसको पुष्टी गर्दछ । द्वन्द्वकालमा हिंसा पूर्णरूपमा राजनीति प्रेरित रहेको अवस्था रहेता पनि हालका यी आपराधिक समूहहरूका क्रियाकलाप कहिलेकाँही राजनैतिक उद्देश्यसँग जोडिएका र धेरैजसो उनीहरूका क्रियाकलापहरू राजनीति भन्दा अन्य गैर-राजनैतिक कारणहरू जस्तै गरिबी, बेरोजगारी, लोभका साथै चाँडै धेरै पैसा कमाउने उद्देश्यहरूबाट प्रेरित देखिन्छन् ।

तराईमा[३] अपराधिक समूहहरूका कार्यकलाप र हिंसालाई नजिकबाट बुझ्न हालैका वर्षहरूमा केही खोज अनुसन्धानहरू भएता पनि काठमाण्डौ उपत्यकाको अपराध, हिंसा र असुरक्षालाई प्रष्टरूपमा बुझ्न कमै खोज अनुसन्धान भएका छन् । नेपालमा बृहत्तर सुरक्षासम्बन्धी अवस्थालाई बुझ्न काठमाण्डौ उपत्यकामा घट्ने यस्ता अपराधिक घटनाहरूको प्रारूपलाई बुझ्न अत्यन्त जरूरी छ । किनकी काठमाण्डौ उपत्यकाभित्र हुने अपराधको कुनै न कुनै सम्बन्ध देशका अन्य भागमा घटिरहने आपराधिक घटनाहरू जस्तो सङ्गठित अपराध र आपराधिक समुहरूका अन्य कार्यकलापहरूसँग सम्बन्ध रहेको हुन सक्छ ।

यस अध्ययनले अपराधसम्बन्धी सूचनाको अभावलाई पुरा गर्ने पहिलो प्रयास गर्नुका साथै द्वन्द्वपश्चातको समयमा काठमाण्डौ उपत्यकाको सामुदायिकस्तरमा अपराध, हिंसा र असुरक्षाको विषयमा विभिन्न सरोकारवालाहरूको धारणाको प्रारम्भिक विश्लेषण समेत गरेको छ । त्यसैगरी उपत्यकामा यसले सार्वजनिक सुरक्षा, अपराध र द्वन्द्वनिरोधसँग सम्बन्धित विभिन्न सरोकारवालाहरूलाई नीति र कार्यक्रमहरूको बारेमा जानकारी दिने; साथै यस छलफललाई उत्प्रेरित गर्ने अध्ययन र विश्लेषणलाई अझ फलदायी बनाउने उद्देश्य राखेको छ । यस अध्ययनको नतिजाहरू (findings) समूहगत छलफल र अन्तरवार्ताको माध्यमबाट प्राप्त धारणा र विचारमा आधारित छन्, साथै सञ्चार प्रतिवेदन र सम्बन्धित प्रहरी कार्यालयमा उपलब्ध अपराध तथ्याङ्कहरूलाई आवश्यकता अनुसार स्रोत तथ्याङ्कारूपमा प्रयोग गरिएको छ ।

अध्ययनको क्रममा प्राप्त सहभागीहरूको धारणामा आधारित यस सङ्क्षिप्त प्रतिवेदनमा समावेश भएका प्रमुख नतिजाहरू यस प्रकारका रहेका छन् :

१) राजनैतिक पार्टीका युवादस्ताहरूद्वारा द्वन्द्वपछिको समयमा सुरक्षा निकायहरूलाई हेलचेक्राइँ गर्ने क्रमको निरन्तरता,

२) सङ्गठित अपराधका घटनामा वृद्धि,

३) हिंसायुक्त अपराधको वृद्धिसँगै व्यक्तिगत जीवनको असुरक्षा,

४) नयाँ नयाँ अपराधिक समूहहरूको आगमन,

---

[१] यो अध्ययन नर्वेजियन विदेश मन्त्रालयको सहयोगमा सेफरवर्ल्डको साना हतियार नियन्त्रण र सशस्त्र हिंसा न्यूनिकरण सम्बन्धी समुदायमा आधारीत पद्दतिलाई सहयोगगर्ने योजनाको एउटा अंश हो ।

[२] इन्टर डिस्सीप्लीनरी एनास्लिस्ट, नेपाल मधेश फाउण्डेशन हेर्नुहोस, सेफरवर्ल्ड र साना हतियार सर्वेक्षण, तराईमा सशस्त्र हिंसा -(अगस्ट २०११) र हड्सन्, ओ. नेपालमा भ्रान्तीजनक शान्ति, रोयल यूनाईटेड सर्भिसेज ईन्स्टीट्यूट फर डिफेन्स एण्ड सेकुरिटीज जर्नल, अंक १५५ (२), अप्रिलमे २०१०, पृष्ठ ७०..७७।

[३] ऐ ऐ

५) काठमाण्डौ उपत्यकाका रैथाने वासिन्दा र देशका अन्य गाउँ र शहरबाट काठमाण्डौ आएका नववासीहरूबीचको तनावका कारण सिर्जना हुने द्वन्द्वले सार्वजनिक सुरक्षाको धारणामा आएको परिवर्तन ।

**राजनैतिक युवादस्ताहरू, आपराधिक समूहहरू र हतियारधारी समूहहरू**

यस प्रतिवेदनमा राजनैतिक 'युवादस्ताहरू' र 'अपराधिक समूहहरू' लाई छुट्टा छुट्टै समूहमा हेरिएको छ । कहिलेकाँही यी समूहहरूलाई छुट्याउन कठिन हुन्छ किनकी राजनीतिलाई धेरै नै अपराधिकरण गरिन्छ साथै आपराधिक समूह जब राजनैतिक परिचयका साथ प्रस्तुत हुन्छन् राजनैतिक युवासमूह र आपराधिक समूहहरूका कार्यकलापमा खासै भिन्नता देखिँदैन । साथै राजनैतिकदलहरूका युवा समूहहरू कहिलेकाँही राजनैतिक उद्देश्यबाट विमुख भई अपराधी जस्तो व्यवहार गर्दछन् । यसका अलावा दुवै समूहहरूमा बढी जसो पुरूष युवाहरू नै संलग्न हुने हुँदा तिनिहरू कुन समूहका हुन् भनेर छुट्याउन कठिन हुन्छ । (खण्ड ३.४ मा हेर्नुहोस)

यद्यपि अध्ययनका नतिजाहरू र उल्लेख गरिएका सुझावहरू यस प्रतिवेदनको उद्देश्यका लागि यी दुवै समूहहरूलाई तिनिहरूका अभिप्राय र सदस्यताका आधारमा भिन्न रूपमा उल्लेख गरिएकाछन् । अपराधिक समूहहरू र तिनिहरूका सदस्यहरू मुख्यतया आर्थिक क्रियाकलापद्वारा प्रेरित हुन्छन् र प्रायजसो उनीहरूलाई कुनै पार्टीले रकम दिएर आपराधिक काममा लगाएको अवस्थामा उनीहरूको नाम कुनै पार्टी विशेषसँग जोडिन पुग्छ अर्थात उनीहरू पार्टी नजिक हुन पुग्छन् । उक्त कामको वदलामा उनीहरूलाई न्यायिक छानविन र सजायबाट जोगाउन पार्टीले सुरक्षा प्रदान गर्दछ । ( विस्तृत विवरणका लागि खण्ड ३.५ हेर्नुहोस) । केही त्यस्ता आपराधिक समूहहरू देशभर नै सञ्चालित छन् साथै केही समूहहरू त भारत, चीन, थाइल्याण्ड र पाकिस्तान जस्ता राष्ट्रहरूमा सञ्चालित सङ्गठित आपराधिक समूहहरूसँग आवद्ध छन् । अर्कातिर राजनैतिक युवादस्ताका सदस्यहरू कुनै एक राजनैतिक पार्टीको सिद्धान्त तथा विचारद्वारा प्रेरित हुन्छन् र उनीहरू उक्त पार्टी प्रति विशेषगरी वफादार हुन्छन् । तर यस्ता समूहहरूको संलग्नता सरकारी ठेक्कापट्टा प्रक्रिया, नीजी व्यापार व्यवसाय, आफ्नो राजनैतिक विचार र योजनासँग विमती राख्ने व्यक्ति वा व्यक्तिसमूहमाथि गरिने कुटपिट साथै अन्य राजनैतिक समूहका युवाहरूबीच हुने समूहगत झडप आदीमा रहेको पाइएको छ ।

'सशस्त्र समूह' भन्ने शब्दावली अन्योल हटाउन यस प्रतिवेदनमा प्रयोग गरिएको छैन । तथापी कुनै राजनैतिक युवादस्ताहरू र आपराधिक समूहहरूको साना तथा हल्का हतियारहरूमा पहुँच भएको र उनीहरूले सजिलै प्रयोग गर्ने गरेका छन् । (SALW फुटनोट २० मा हेर्नुहोस) ।

## २. अध्ययन विधि

यस प्रतिवेदनमा समावेश भएका सूचनाहरू गतवर्ष जनवरी देखि मे २०११ सम्म काठमाण्डौ उपत्यकाका तीन जिल्लाहरू (काठमाण्डौ, भक्तपुर र ललितपुर) र उपत्यका आसपासका तीन जिल्लाहरू (सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र मकवानपुर) मा सञ्चालित अभ्ययनमा आधारित छन् । अघिल्ला अध्ययनका[४] क्रममा सुरक्षा निकायका अधिकारीहरूसँगको अन्तरवार्ता र विभिन्न सञ्चारमाध्यमको प्रतिवेदन अनुसार सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र मकवानपुर जिल्लाहरूमा र उपत्यकामा घट्ने आपराधिक घटनाहरू एकअर्कामा अन्तरसम्बन्धित हुने देखिएकाले उपत्यका र ती छिमेकी जिल्लाहरू अध्ययनका लागि छनौट गएिका हुन् । खासगरेर यी तीनै छिमेकी जिल्लाहरूका मानिस तथा वस्तुहरू काठमाण्डौ उपत्यकाबाट भारत र चीनतर्फ अवैध ओसारपसार गर्न रणनैतिक महत्व राख्ने विश्वास गरिन्छ । जस्तै : काठमाण्डौ र चीन जोड्ने राजमार्ग सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्ला भएर जान्छ भने मकवानपुर जिल्ला भएर भारत जाने राजमार्ग छ ।

### अध्ययनका क्रियाकलापहरू :

क) सुरक्षा निकायहरूका प्रतिनिधि, नागरिक समाज, सम्बन्धित राजनैतिक समूह वा भातृसंस्थाहरू, नीजि क्षेत्र, स्थानीय निकायका पदाधिकारीहरू, अपराधमा संलग्न विभिन्न समूह वा भातृसंस्थाहरू, सङ्गठनहरूका सदस्यहरू, समुदायका अगुवाहरू र सम्बन्धित समुदायका सदस्यहरू र परिवारका सदस्यहरू प्रमुख सूचनादाताका रूपमा र उक्त सहभागीहरूविच समूहकेन्द्रित छलफलमा आधारित अन्तरवार्ता सञ्चालन

---

[४] इन्टर डिस्सीप्लीनरी एनास्लिस्ट, नेपाल मधेश फाउण्डेशन हेर्नुहोस, सेफरवर्ल्ड र साना हतियार सर्वेक्षण, तराईमा सशस्त्र हिंसा -(अगस्ट २०११) र सेफरवल्ड, समान धरातल ? पुन:स्थापना र समायोजनका लागि माओवादी लडाकुहरूको आवश्यकता र चासोको लैङ्गिक विश्लेषण (नोभेम्बर, २०१०) ।

गरियो । जम्मा गरेर ४२ जना प्रमुख सूचनादाताहरू र अर्धसंरचित अन्तरवार्ता समूहकेन्द्रित छलफलहरू आयोजना गरिए ( प्रत्येक जिल्लामा ७ अन्तरवार्ता गरिए ) ।

ख) अपराध र असुरक्षा पिडित समुदायका सदस्यहरूसँगको समूहकेन्द्रित छलफलहरू (FGDs) मिश्रित समूहकेन्द्रित छलफलका अलावा उपेक्षित जाति तथा वर्गका युवा तथा महिलाहरू जसका आवाज प्राय सुनिदैनन्, उनीहरूका लागि अलग्गै समूहकेन्द्रित छलफलहरू सञ्चालन गरिए । समष्टीमा १४ वटा समुहकेन्द्रित छलफलहरू सञ्चाालन गरिए (जसमा ४ वटा ललितपुर जिल्लामा र २/२ वटा अन्य ५ जिल्लामा) । जम्मा गरेर कुल ८ वटा समूहकेन्द्रित छलफलहरू मिश्रित सहभागिहरूसँग गरियो भने छुट्टै दुई वटा युवाहरूसँग, २ वटा छुट्टै महिलाहरूसँग र अन्य दुई वटा पुरूषहरूसँग सञ्चालन गरियो ।

## ३. अध्ययनबाट प्राप्त मुख्य नतिजाहरू

### ३.१ राजनैतिक युवादस्ताहरूद्वारा सार्वजनिक सुरक्षालाई हेलचेक्राईं गरिएको धारणा

अन्तरवार्ताको क्रममा समुदाय, नागरिक समाज र नीजिक्षेत्रका अधिकांश सहभागिहरूले काठमाण्डौ उपत्यकाको बिग्रंदो सुरक्षा अवस्था र बढ्दो अपराधको दोष मुख्य राजनैतिक दलका[५] यूवा सङ्गठनहरूमाथि लगाएका छन् । उनीहरूका अनुसार अपराधिक समुहका साथै विशेष गरेर माओवादी सम्बन्धित योङ कम्यूनिष्ट लिग (YCL) र एमालेको यूथ फोर्स (YF) दोषी देखिन्छन् (३.४ मा हेर्नुहोस् ) । यी राजनैतिक पार्टीहरूका युवा सङ्गठनहरू देशभरी सक्रिय रहेतापनि काठमाण्डौ देशकै राजनैतिक चलखेलको केन्द्र भएकाले उपत्यकामा उनीहरूको प्रभाव बढि देखिन्छ ।

युवादस्ताहरूबारे समुदायका सहभागीको धारणा अनुसार विगत्मा माओवादी कार्यकर्ताहरूले सन् २००६ मा काठमाण्डौ उपत्यका प्रवेशगरी त्यतिबेला उनीहरू माथि दिइएको दवावलाई सम्भ्फाउने खालको छ । विस्तृत शान्ति सम्भ्फौताको समर्थन गर्ने क्रममा एकिकृत नेकपा माओवादीका कार्यकर्ताहरूले समुदायका मानिसहरूसँग खाद्यान्न सहयोग र बस्नलाई बास समेत मागे । यद्यपि सन् २००६ देखि २००९ सम्म भएको सघन र सफल भर्तीकार्यको तुलनामा त्यस्ता युवादस्ताहरू काठमाण्डौ उपत्यकामा हिजोआज कम रहेको समुदायका मानिसहरूले बताएका छन् । अध्ययनमा यसको कारण  स्पष्ट छैन र यसबारे थप खोज तथा अनुसन्धान गर्न आवश्यक देखिन्छ । यद्यपि समुदाय तथा नागरिक समाजका केही उत्तरदाताहरूको बुझाईमा भने काठमाडौ उपत्यकाको नागरिक समाजले वाइसिएल (YCL) र युथ फोर्स (YF) का कार्यकलापको खुलेर विरोध गरेका कारण त्यस्ता युवाहरूको सङ्गठनका विगतमा जस्तो दबदबा उपत्यकामा घटेको देखिन्छ तर उपत्यका वरपरका जिल्लाहरू सिन्धुपलान्चोक, मकवानपुर काभ्रेपलाञ्चोक जिल्लाको उत्तरदाताहरूका अनुसार विगत्मा जस्तै आजभोलि पनि युवादस्ताहरूको कार्यकलाप र दबदबा मानिसहरूको दैनिकीमा असर पर्ने गरी सक्रिय छन् । उनीहरूका अनुसार राजनैतिक युवादस्ताहरू केन्द्रितस्तरका नेताहरूको निर्देशनमा सञ्चालित छन् र स्थानियतहमा घट्ने युवाहरूको गलत कार्यकलापका लागि काठमाण्डौमा बसेर राजनीति गर्ने नेताहरू जिम्मेवार छन् ।

समुदाय र नीजिक्षेत्रका उत्तरदाताहरूका अनुसार सबै जिल्लाहरूका नीजिक्षेत्रको सहज सञ्चालन र सुरक्षामा द्वन्द्वपछिको समयमा राजनैतिक युवा समुहहरूको प्रभाव अझ बढि देखिएको छ । उनीहरूका अनुसार उपत्यका वरपरका जिल्लाहरूमा सुरक्षा व्यवस्था कम प्रभावकारी भएकाले राजनैतिक युवा समूहहरूको प्रभाव अझ बढी नै देखिन्छ । यस्ता युवा समूहहरू व्यापार व्यवसायीहरूलाई अपहरण गरेर र धम्क्याएर नीजिक्षेत्रको व्यवसायमा अवरोध गरी आफ्नो आर्थिक तथा राजनैतिक अभिष्ट पुरा गर्दछन् (खण्ड ३.२ हेर्नुहोस) । उनीहरू त्रास देखाएर सरकारी ठेक्कापट्टाको प्रक्रियालाई आफ्नो प्रभावमा पार्दछन् र यदि आफ्नो ग्राहकले उक्त टेण्डर पाएमा निश्चित रकम प्राप्त गर्दछन् । नीजिक्षेत्रबाट सहभागी सूचनादाताका अनुसार बन्द[६] हड्ताल तथा कारखानाहरूमा तालाबन्दीले गर्दा क्रमशः उत्पादनमा कमी आउँछ भने उत्पादन लागत तथा वस्तुको मूल्यसमेत महँगो पर्दछ । त्यसैगरी उनीहरूले काठमाण्डौ उपत्यकाका व्यापार व्यावसायीहरू, विद्यालय, क्याम्पस, उद्योग र अन्य आसपासका जिल्लाहरूमा स्थापित व्यवसायीहरूबाट जबरजस्ती चन्दा असुल्दछन् र यदि उनीहरूको माग पूरा नभएमा व्यावसायी संघहरूलाई प्रभावमा पारी उक्त उद्योग, शैक्षिक तथा स्वास्थ्य संस्थाहरूमा तालाबन्दी समेत गर्दछन् ।

---

५ द्वन्द्वको समयमा राजनीतिक पार्टीहरूले राजनीतिक उद्देश्य प्राप्त गर्न र निश्चित इलाकामाथि नियन्त्रण कायम राख्न युवाहरूणको संयन्त्र निर्माण गरे ।

६ बन्द अंग्रेजी शब्द closed को नेपाली अर्थ हो, विरोधको एउटा स्वरूप हो । जसमा बन्दकर्ताहरूले एक दिन वा अनिश्चितकाल भनि बजार बन्द गर्ने र शहरमा यातायात बन्द गर्ने काम गर्दछन् ।

सिन्धुपाल्चोकका एकजना व्यापार व्यवसायी भन्छन् - "हामीले हाम्रो जिल्लाको शान्ति सुरक्षालाई विथोल्ने १०२ भन्दा बढी गुण्डाहरूलाई चिनेका छौं । उनीहरू सबै कुनै न कुनै राजनैतिक पार्टीहरूसँग सम्बन्धित छन् । उनीहरू बन्द आव्हान गरेर हाम्रो व्यापार व्यावसायलाई अवरोध गर्दछन् । व्यापारी तथा व्यवसायीहरूलाई अपहरणको निशाना बनाउँछन् र व्यावसायी संघहरूलाई र समुदायका मानिसहरूलाई उक्साएर अनावश्यक विरोध गरी 'चन्दा'को रूपमा ठूलो रकमको माग गर्दछन् । सबैभन्दा पिडित भनेका निर्माण व्यावसायमा संलग्न हामी जस्ता व्यावसायीहरू छौं ।"[७] बदलामा यस्ता अवरोधहरूले राष्ट्रको वृहत्तर आर्थिक विकासमा नकरात्मक असर पारिरहेको छ । यसको समाधान का लागि रोजगारी सृजना गर्ने र द्वन्द्वपछिको समयमा शान्ति स्थापना गरी अर्थतन्त्रलाई स्थीर र यसको वृद्धि गर्नु अत्यावश्यक देखिन्छ ।

## ३.२ सङ्गठित अपराधका घटनामा वृद्धि भएको धारणा

अनुसन्धानको दौरान दोषी, अपराधीहरू र सुरक्षा अधिकारीहरूसँग लिइएको अन्तरवार्ता र समुदायमा गरिएको समुहकेन्द्रित छलफलले के देखाएको छ भने काठमाण्डौ उपत्यकामा सङ्गठित अपराध पछिल्ला वर्षहरूमा अझ बढि सघन र द्रुत गतिमा विविधता युक्त भएको छ । लागूपदार्थको ओसारपसार, सुन तथा बहुमूल्य पुरातात्विक सामानको चोरीपैठारी जस्ता 'परम्परागत' अवैध कारोबारहरू निरन्तर भइनै रहे तापनि सङ्गठित अपराध आजको दिनमा बढिनै जटिल र विविधता युक्त अपराधिक कार्यकलाप अन्तरगत पर्दछ । अनुसन्धानको क्रममा पहिचान भएका सङ्गठित अपराधका केही नयाँ र प्रमुख क्षेत्रहरू तल दिइएको छन् :

- **मानव बेचविखन**

यौन व्यवसायका लागि कलिला उमेरका युवतीहरूको बेचविखन सङ्गठित अपराधको एउटा प्रमुख धन्दा भएको छ । विशेषगरी सिन्धुपाल्चोक, मकवानपुर, रसुवा र धादिङ जिल्लाका तामाङ समुदाय यस समस्या बाट बढि प्रभावित छन् । यी प्रभावित जिल्लाका समुदायका प्रतिनीधिहरूका अनुसार भर्खरका युवतीहरूलाई दलालहरूले विभिन्न बहानामा ललाईफकाई यौनधन्दामा फसाउँदछन् र काठमाण्डौ हुँदै तराईको बाटो गरी भारत, चीन र अन्य देशहरूमा बेच्दछन् । उनीहरूले बताए अनुसार आजभोलि युवतीहरू खाडी तथा मध्यपूर्वी देशहरूमा वैदेशिक रोजगारीको बहानामा बेचिँदै आएका छन् । शरीरका अङ्गहरूको अवैध व्यापार पनि हालसालै विकशित भएको साङ्गठनिक अपराधको अर्को क्षेत्र भएकोमा उनीहरूले जोड दिएका छन् ।[८]

- **रक्त चन्दन तस्करी**

समुदायका सदस्यहरू र सुरक्षा अधिकारीहरूसँगको अन्तरवार्ता र समूहकेन्द्रित छलफलबाट के थाहा भयो भने काठमाण्डौ उपत्यकाबाट सञ्चालित आपराधिक समूहहरूका लागि रक्त चन्दनको[९] अवैध तस्करी आर्थिक रूपले सबै भन्दा लाभदायक छ । समुदायमा प्रतिनीतिहरू र कैदीहरूसँगको अन्तरवार्ता र सञ्चार प्रतिवेदनहरूले के देखाउँछ भने रक्त चन्दन नेपालको विरगञ्ज तथा भारतको सुनौलीबाट काठमाण्डौ उपत्यका र सिन्धुपलान्चोक हुँदै नेपाल र भारतका तस्करहरूको सञ्जालले चीनतर्फ अवैध रूपमा पठाउने गर्दछन् । यस्ता तस्करहरूको सञ्जाल काठमाण्डौ उपत्यकामा बलियो रहेको बुझिन्छ । यद्यपी यस सञ्जाल र तिनीहरूको सम्पर्कलाई राम्रोसँग बुझ्न थप अनुसन्धान गर्नु पर्ने देखिन्छ । प्रमुख राजमार्ग हुँदै गोप्यरूपमा ठूलो परिमाणमा रक्तचन्दन एउटा देशको सिमाबाट अर्को सिमासम्म ओसारपसार गर्ने काम कठिन भएकाले गर्दा यस अनुसन्धानका क्रममा प्राय जसो यस तस्करीमा राजनैतिक पार्टीलाई मिलेमतोको दोष पनि लगाइयो । सञ्चारकै माध्यममा[१०] पनि राजनैतिक पार्टीको संलग्नतालाई औंलाइयो तर हालसम्म कुनै पनि राजनैतिक व्यक्तित्वलाई पक्राउ गरिएको वा कानुनी रूपमा मुद्दा नै दायर गरिएको छैन । (अपराधमा राजनैतिक संलग्नता संबन्धी जानकारी विस्तृतमा खण्ड ३.४ हेर्नुहोस्) यस वर्षको शुरूमा राजनैतिक पार्टीका सदस्यहरू अपहरण, हत्या र जवरजस्ती चन्दा असुल्ने आदि अपराधमा संलग्न भएको खबर छापिएको थियो ।[११]

---

[७] समुदायको पुरुष व्यवसायी सदस्यसँगको मुख्य जानकार व्यक्तिसँगको अन्तरवार्ता (KII), सिन्धुपाल्चोक, २२ मार्च २०११ ।

[८] जेलभित्रको पुरूष कैदीहरूसँगको KII, काठमाण्डौ १४ फेब्रुवरी २०११ ।

[९] रक्तचन्दन (pterocarpus santalinus) भारतमा पाइने दुर्लभ वनस्पती हो । यो चीन र जापानमा आरामदायी फर्निचरका सामानहरू, गहनाहरू र कफिनहरू बनाउन प्रयोग गरिन्छ । गैर कानुनीको अर्थ रक्तचन्दनलाई IUCN को लोपोन्मुख वनस्पतिको रूपमा सुचिकृत गरिएको छ । http://www.iucnredlist.org/apps/redlist/details/32104/0 २०११ सेप्टेम्बर १ मा साभार गरीएको ।

[१०] स्रोत hhttp: //www.tew.org/archived/safe.passage.wltraffic.html

[११] स्रोत hhttp: //www.ekantipur.com/the-kathmandu-post/2012/01/17/editorial/political-baggage/230528

☐ **अपहरण र जवरजस्ती असुली**

अन्तरवार्तामा सहभागी सबै समुदायका प्रतिनीधिहरू, सुरक्षा निकायका पदाधिकारीहरू र नीजिक्षेत्रका प्रतिनीधिहरूका अनुसार सन् २००६ बाट काठमाण्डौ उपत्यकामा व्यापारीहरूलाई निशाना बनाई अपहरण गर्ने र जबरजस्ती रकम/चन्दा असुल्ने प्रवृति एउटा सङ्गठित अपराधको रूमपा देखा पर्‍यो । एकजना वरिष्ठ सुरक्षाविद् भन्नुहुन्छ, "शान्ति प्रक्रियाको शुरूपछि अचानक केही अपराधिक सोच भएका मानिसहरूले कमजोर कानून प्रशासनको फाइदा उठाउँदै नाम चलेका धनाढ्य व्यापारीहरलाई अपहरण गर्दै जवरजस्ती रकम तथा चन्दा असुल्न थाले । यसले पहिले कहिल्यै महसुस नभएको त्रासको वातावरण उपत्यकाका बासिन्दाहरूमा फैलाई दियो ।"[१२] सन २००६ अघि र द्वन्द्वकालमा मुख्य गरेर वाइसिएल र माओवादी कार्यकर्ताहरूद्वारा राजनैतिक उद्देश्यका लागि र विरोधी समुहलाई तह लगाउन र जनताबाट 'चन्दा' संकलन गर्न अपहरण र जबरजस्ती गर्दथे । तर द्वन्द्व पछिको समयमा व्यापारीहरूलाई निशाना बनाइ अन्य राजनैतिक पार्टीका युवा सङ्गठनहरू र भर्खरै बनेका आपराधिक समूहहरूले काठमाण्डौ उपत्यकामा राजनैतिक तथा आर्थिक लाभ लिन अपहरण र जवरजस्ती रकम असुल्ने कार्य गर्ने गरेका छन् । सुरक्षा अधिकारीहरू र निजी क्षेत्रका प्रतिनीधिहरूका अनुसार सन् २०१० देखी काठमाडौ उपत्यकामा अपहरणका घटनामा ह्रास आएको छ । समुदायमा केही सदस्यहरूको बुझाइमा यो काठमाडौ उपत्यकामा प्रभावकारी रूपमा सुरक्षा अधिकारीहरूको परिचालन र अपराधीहरूलाई कानुनी दायरामा ल्याएको कारण सन् २०१० देखि यता अपहरणका घटनामा कमी आएको हो । यद्यपी यसका खास कारणहरू बुझ्न थप अनुसन्धान आवश्यक छ ।

☐ **मौद्रिक अपचलन** (Money Laundering)

सन् २००० मा घरजग्गा व्यापार काठमाण्डौ उपत्यकमा उत्कर्षमा पुगेको बेला भारतका सङ्गठित अपराधका शैली पछ्याउँदै नेपालका सङ्गठित अपराध सञ्चालन गर्ने समुहका सदस्यहरूले ठूलो रकम घर जग्गा व्यवसायमा लगाएको कुरा दोषी ठहऱ्याइएका अपराधीहरूसँगको अन्तरवार्ताबाट थाहा भयो । प्राप्त सूचनाका अनुसार, उक्त व्यवसायबाट प्राप्त हुने मुनाफा यति धेरै थियो की दुई छुट्टा छुट्टै अपराधिक समूहहरूले आफ्ना कार्यकलाप विभाजन गरे ताकी दुवैले उत्तिनै मुनाफा प्राप्त गर्दथे र दुई समूहबिच प्रतिद्वन्द्विता पनि कम हुन्थ्यो । काठमाण्डौ कारागारका एक जना पुरूष कैदी भन्दछन् "सङ्गठित अपराधका समूहहरूबिच भागवण्डा थियो । जस्तैः चक्रे मिलन समूह र राजु गोर्खाली समूह मध्ये एउटा समूह अहिले घरजग्गा कारोबार हेर्छ भने अर्को समूहले व्यापारीहरूलाई चर्को व्याजदरमा पैसा चलाउन दिन्छ ।"[१३]

उत्तरदाताहरूले संगठीत अपराध बैंक लुट्ने कार्यका साथै आर्थिक हिनामिना, मानव अंग बेचविखन र साइबर अपराधमा पनि संलग्न हुने गरेको जनाएका छन् । यद्यपि यस्ता अपराधको प्रधानता र प्रभाव सुनिश्चित गर्न थप खोज तथा अनुसन्धन आवश्यक छ ।

## ☐ ३.३ सबैलाई आतङ्कित गर्न जथाभावी गराइने हिंसात्मक अपराधहरूको वृद्धिले ओलमा पारेको व्यक्तिगत सुरक्षासम्बन्धी धारणा

**सर्वसाधारणमा जबर्जस्ती नियन्त्रण तथा अपहरणको त्रासको धारणा**

धेरै जसो अपहरणका लागि खण्ड ३.२ मा व्याख्या गरे जस्तै धनी तथा पहुँचवाला व्यापारीहरूलाई निशाना गरिएता पनि द्वन्द्वपछिको समयमा हाल भएका केहि अपहरणका घटनामा केही सामान्य मानिसहरूलाई पनि निशाना बनाइएको छ । यसले उपत्यकावासीलाई थप चिन्तित बनाएको छ भने काठमाण्डौ उपत्यका र वरपरका क्षेत्रको सुरक्षा प्रति सर्वसाधारणमा नकारात्मक प्रभाव पारेको छ । मकवानपुरका एकजना महिला भन्नु हुन्छ, "उच्च घरानाका धनी मानिसहरू अपहरणमा परेको समाचारहरू सुन्ने र पढ्ने गरेतापनि सर्वसाधारणहरू पनि अपहरणमा परेका छन् । जस्तैः कलेज पढ्ने विद्यार्थी 'ख्याती श्रेष्ठ'[१४] लाई चिनेकै मानिसले अपहरण पश्चात हत्या गरी शरीरलाई टुक्रा टुक्रा पाऱ्यो, यस घटनाले हामी सबैलाई आफ्ना छाराछोरीहरू साँझ घर नआएसम्म चिन्तित बनाउने गरेको छ ।"[१५]

---

[१२] पुरूष सुरक्षाविद्सँगको KII, ललितपुर २०११ ।

[१३] पुरूष अपराधीकैदी सँगको KII, काठमाडौ १४ फेब्रुवरी २०११ ।

[१४] हेर्नुहोस hhttp:www.nepalnews.com/home/index.php/news/2/487-khyati-murder-accused-remanded-to-judicial-custody.html

[१५] समुदायका महिलासदस्यहरूसँगको समूहकेन्द्रित छलफल (FGD), मकवानपुर ३ मार्च २०११ ।

- **सर्वसाधारणमा व्याप्त अन्य प्रकारका हिंसाजन्य अपराधहरूको त्रासको धारणा**

अपहरण र जवरजस्ती रकम असुल्ने अपराध बाहेक सर्वसाधारणको बुझाइमा काठमाण्डौ उपत्यकामा जथाभावी चोरी, डकैती र हिंसात्मक घरायसी चोरी जुन कहिलेकाँही हत्यामा समेत वदलिन सक्ने घटनाहरू सुन्ने गरेका छन् । यस्ता घटनाहरूलाई विगतमा जस्तै राजनैतिक रूपमा लिइएको पाइएको छैन तर अन्य तत्वहरू जस्तै गरिबी र बेरोजगारी यसका कारणहरू हुन सक्ने, यसले सर्वसाधारण विशेषगरी सम्पन्न मानिसहरूलाई त्रसित बनाएको छ । डल्लु कठमाण्डौका एक महिला सहभागी भन्नुहुन्छ, "आजभोलि हामीहरूले गर-गहाना लगाउन छोडि सक्यौं ।

केटाहरूले बाइकमा आएर बाटोमा हिड्नेहरूको लगाइरहेका गहना साथको झोला थुतेर भागेका धेरै घटनाहरू भएका छन् र यदि तपाई धनी मानिस जस्तो देखिनु भयो भने उनीहरूले पिछा गर्नेछन् र अपहरण पनि गर्ने छन् । मैले मेरा छोराछोरीहरूलाई हिजो आज रात परे पछि कहिल्यै घर बाहिर जान दिएको छैन । उनीहरूलाई पढाउन शिक्षकहरू घरमै आउनु हुन्छ ताकी उनीहरूलाई बाहिर हिड्न नपरोस ।"[१६] सहभागीहरूको गएका वर्षहरूमा आपराधिक घटनाहरू अझ बढि पाशविक हुने गरेका छन् भन्ने धारणालाई सञ्चार माध्यममा प्रसारित विभिन्न पाशविक हत्याका घटनाहरूर्ले थप पुष्टि गर्दछ ।[१७]

- **विशेष गरेर रातको समयमा व्यक्तिगत सुरक्षाको डर**

समुदायका सहभागीहरूका अनुसार लोडसेडिङ (load shedding)[१८] का कारण काठमाण्डौ उपत्यका भित्रका अधिकांश सडक र घरहरू रातको समयमा अन्धकार हुन्छन् र यो नै जथाभावी हिंसात्मक अपराध वृद्धिमा बढावा दिने एउटा प्रमुख कारण हो । काठमाण्डौका एक महिलाको भनाईमा "यसपाली धेरै नै लोडसेडीङ भयो, खासगरी साँझमा त बत्ति हुँदै हुँदैन । यस्तो बेलामा पसल चलाउन र बाहिर हिड्न सक्ने त कुरै भएन गल्लीहरू अध्याँरो हुन्छन्, छिमेकमा कमै उज्यालो देखिन्छ अनि चोरहरूले ठिक्क यतिनै बेला आफ्ना गतिविधि बढाउँछन् ।"[१९]

- **यौनीक र लैङ्गिक हिंसा** (SGBV)

यस अध्ययनमा गैर-घरायसी यौनिक र लैङ्गिक हिंसामा भएको वृद्धिलाई पहिचान गरिएको छैन यसलाई प्रहरीको तथ्याङ्कमा पनि हेर्न सकिन्छ । अन्य प्रकारको हिंसात्मक अपराधमा वद्धि हुँदा SGBV सम्बन्धी अपराधमा कमि देखिनु आश्चार्यजनक छ तर यो पनि हुन सक्छ की SGBV जस्तो संवेदनशील विषयमा खुलेर छलफल नगरेको हुन पनि सक्छ या प्रहरीलाई सवै कुरा नभनेको पनि हुन सक्छ ।

- **साना तथा हलुका हातहतियारहरू** (SALW)[२०]

समुदायका सहभागीहरू र सुरक्षा अधिकारीहरूले काठमाडौ उपत्यकामा विगतका वर्षहरूमा महसुस गरिएको हिंसात्मक अपराधमा वृद्धि र शान्ति सुरक्षा व्यवस्थामा कमि आउनुको कारण साना तथा हलुका हातहतियारको वृद्धिसँग जोडेका छन् । एक जना ललितपुरका बासिन्दाका अनुसार "हिजोआज मानिसहरूले सजिलै बन्दुक/हतियार किन्न सक्छन् । बन्दुक एउटा बालकको फेसनको सामान सरह भएको छ, जब तपाई किन्नुहुन्छ मौका परेको बेलामा यसलाई प्रयोग पनि गर्नु हुन्छ । यस्तो प्रवृत्तिले धेरै पत्याउनै नसकिने व्यक्तिहरू आपराधिक घटनाहरूमा संलग्न भइरहेका छन् । यस्तो अवस्थामा आफूलाई रातको समय घर बाहिर एक्लै जान असुरक्षित महसुस गर्छु ।"[२१] कारागारमा दोषी ठहरिएका अपराधीहरूसँग

---

[१६] समुदायका महिला पुरूष सदस्यहरूसँगको FGD, काठमाडौ १६ फेव्रुवरी २०११ ।

[१७] स्रोतः http://www.ekantipur.com/the-kathmandu-post/2011/05/07/top-story/crime-of-passion-na-soldier-confesses-to-doing-wife-to-death/221430.html

[१८] लोडसेडिङले विद्युत आपूर्तिमा कटौती भन्ने जनाउँछ । जुन दैनिक हिउँदमा १८ घण्टा र बर्षामा १२ घण्टा सम्म पुग्दछ । जलविद्युत उर्जा उत्पादन कमिको कारण नेपालका नागरिकहरूले प्रयाप्त विद्युत उपयोग गर्न पाएका छैनन् ।

[१९] समुदायका महिला र पुरूष सदस्यहरूसँगको FGD, काठमाडौ १५ फेव्रुवरी २०११ ।

[२०] SALW को कुनै अन्तर्राष्ट्रियस्तरमा मानिएको अर्थ छैन तर संयुक्त राष्ट्र संघले दिएको अर्थ अनुसार यो कुनै मानिसले बोक्न सक्ने घातक हतियार हो जुन पड्कन्छ अर्थात प्रहार गर्छ अर्थात पड्काउन र प्रहार गर्न बनाइएको हुन्छ । अर्थात यसलाई कुनै विष्फोटक पदार्थले भरिएको गोलि वा सेललाई कुनै पनि समय प्रहार गर्न सक्ने गरी बनाइएको हुन्छ "साना हतियारहरू" व्यक्तिगत प्रयोगका लागि बनाइएका हुन्छन् । जस्तै इन्टरएलिया, रिभर्ल्वर र स्वचालित पेस्तोल, राइफल र कारबाइन, सब मेसिन गन, एसोल्ट राइफल र हल्का मेसिन गन । "हल्का हतियारहरू" भन्नाले एक जनाले बोकेर प्रयोग गर्न सकेता पनि यसलाई दुई वा तीन व्यक्तिहरूको समुहले प्रयोग गर्न मिल्ने गरी बनाइएको हतियार हो । जस्तैः इन्टर एलिया, हेभी मेसिन गन, हातले चलाउने ग्रीनेड लन्चर्स, बोक्न सकिने एन्टि एयरक्राफट गन, एन्टी ट्याङक गन, रेकोइलेस राइफल, बोक्न सकिने एन्टी ट्याङक मिलाइल लन्चर्स र रकेट सिस्टम र एन्टी एयरक्राफट मिसाइल सिस्टम लन्चर्स र एक सय मिलि मिटर सानो क्यलीबरको मोरटार्स ।

[२१] समुदायका महिला र पुरूष सदस्यहरूसँगको FGD, भक्तपुर २३ फेव्रुवरी २०११ ।

गरिएको अन्तरवार्ताका अनसार सजिलैसँग रू.४००० देखि ७००० (US$50-90)[२२] सम्ममा चीनमा बनेको पेस्तोल राजधानीको ठमेल गोङ्गबु र गौशालामा सजिलैसँग किन्न पाइन्छ । सूचनाका अनुसार एउटा पेस्तोल काठमाडौं जिल्लाको विभिन्न ठाउँहरूमा कालाबजारी सञ्चालनमा सक्रिय कुनै पनि आपराधिक समुह वा अपराधीहरूबाट किन्न सकिन्छ । एक जना कैदि भन्छन् "के मात्र गर्नु पर्छ भने कुनै पनि एउटा आपराधिक समूहको सदस्यलाई बाटामा भेटेमा उसले नै बन्दुक र पेस्तोल बेच्ने अर्को व्यक्तिको बारेमा जानकारी दिन्छ ।"[२३]

## ३.४ नयाँ बनेका अपराधिक समूहहरूको अपराधमा प्रमुख भूमिका हुन्छ भन्ने धारणा -

अनुसन्धानले के देखाएको छ भने माथि उल्लेखित राजनैतिक युवा सङ्गठनहरू पनि विशेषगरी व्यापारीहरूको अपहरण र जवरजस्ती चन्दा असुली गर्ने कार्यमा संलग्न भएता पनि भर्खरै बनेका आपराधिक समूहहरू काठमाण्डौ उपत्यका लगायतका अन्य आसपासका जिल्लाहरूमा घट्ने सङ्गठित हिंसात्मक अपराधहरूमा बढी जिम्मेवार छन् । यी आपराधिक समूहहरू अफ्नो पेशागत तह र साङ्गठनिक आधारमा एक अर्काको आरोप अनुसार भिन्न भिन्न छन् । सबै भन्दा तल्लोतहमा यिनीहरू सर्वसाधारणलाई निशाना बनाई चोर्ने लुट्ने जस्ता अपराध गर्दछन् भने यिनीहरूको माथिल्लोतहको समूहले घनाढ्य व्यापारी र पैसाको कारोबार गर्ने संस्थाहरूलाई आफ्नो निशाना बनाउने सङ्गठित अपराधमा संलग्न हुन्छन् ।

### ☐ अपराधिक समूहहरूको सदस्यता

अध्ययनको नतिजाले के देखाएको छ भने काठमाण्डौ उपत्यकामा सक्रिय आपराधिक समूहरूका सदस्यहरू ठूलो संख्यामा काठमाण्डौ आसपासका जिल्लाका सिमान्तकृत समुदायका युवाहरू रहेका छन् । यो निचोड समुदायका प्रतिनिधिहरूसँगको अन्तरवार्ता र नेपाल प्रहरीको तथ्याङ्क सर्वेक्षणमा आधारित छ । विशेषगरी तामाङ्ग र मगरजस्ता जनजातिहरू र तल्लो जातका मानिसहरूको आपराधिक समूहमा बाहुल्यता रहेको नेपाल प्रहरीको अपराध सम्बन्धी तथ्याङ्कले देखाउँछ । यसको ठोस कारण पत्ता लगाउन थप खोज तथा अनुसन्धान आवश्यक देखिएता पनि यस्तो तथ्याङ्कको अध्ययन गर्दा सर्तक हुनु आवश्यक छ । काभ्रेपलाञ्चोक, सिन्धुपलाञ्चोक, धादिङ, रसुवा र नुवाकोट जस्ता उपत्यका बाहिरका जिल्लाका समुदायका प्रतिनिधिहरूको विचारले पनि आपराधिक समूहहरूका अधिकांश सदस्यहरू यिनै जिल्लाबाट आएका हुन् भन्ने धारणालाई पुष्टि गर्दछ । काठमाण्डौ उपत्यका र अन्य जिल्लाहरूका उत्तरदाताहरूका भनाइ अनुसार त्यस्ता आपराधिक समूहका अधिकांश सदस्यहरू पुरूष नै छन् । यसले पुरूष भनेको 'कमाउने हो' भन्ने नेपालको सामाजिक तथा सांस्कृतिक परिवेशलाई आत्मसात् गरेको छ । त्यसैले पुरूषले यदि कानुनीरूपले वैधानिक आयश्रोत नपाएको अवस्थामा ऊ आपराधिक माध्यमबाट आयश्रोत जुटाउन बाध्य हुने छ । उनीहरूको विचारमा यसले पुरूषमा आपराधिक समुहको नाइके भएर सम्पूर्ण भौतिक सुख, सुविधाका साथ ग्याङस्टर संस्कृतिमा जस्तै अझ बढि पौरूषता र शक्तिशाली बन्ने इच्छा दिलाउँदछ - जस्तैः महगो स्पोर्टी सवारी साधन (SUVs), अत्याधुनिक हतियार, मोबाइल फोन साथै अन्य इलोक्ट्रोनिक ग्याजेट्सहरू र परिश्चमा ब्राण्डका कपडाहरू आदिमा रूचि बढ्नु ।

### ☐ आपराधिक समूहमा संलग्न हुने उत्प्रेरणा

कैदीहरू र समुदायका प्रतिनिधिहरूसँगको अन्तरवार्ताले सङ्गठित समूहहरूमा संलग्न हुने कारण चाँहि व्यक्तिको आफ्नो इच्छा र अरूको दवाव वा प्रलोभन दुवै रहेको देखाएको छ । जस्तैः उनीहरू गरिबी, अशिक्षा र बेरोजगारी जस्ता कारणका साथै आपराधिक समूहका नाइकेहरूको सम्पन्न र लोभलाग्दो जीवन शैलीआदीबाट प्रेरित भएर अपराधमा संलग्न हुन पुग्दछन् । एक जना दोषी अपराधी भन्छन्, "हामीहरू गरिब छौं, हाम्रो पुर्खौली सम्पत्ती पनि छैन र कुनै पेशा पनि, गरिबीको कारण हामी हाम्रा बालबच्चालाई स्कुल पनि पठाउन सक्दैनौं । अझ भनौं भने तपाइहरूको जस्तो (NGO मा) जागिर खान हामीसँग योग्यता छैन । शहरमा अत्यन्तै प्रतिष्पर्धा छ र हामी त शहरमा त्यसै हराउँछौ, हामीलाई बाँच्न गाह्रो छ । त्यसैले जब कसैले आएर अपाराधिक/गैर कानुनी काम गरेवापत राम्रो पैसा दिने भन्यो भने हामी सजिलै लोभिन्छौ ।"[२४]

अध्ययनले के पनि देखाएको छ भने गाउँबाट शहरतीर बसाई सर्ने प्रक्रियाले पनि धेरै युवाहरूलाई अपराधिक समूहहरूमा संलग्न हुन प्रेरित गरेको छ । समुदायका सहभागिहरू तथा दोषी अपराधिहरूको भनाईमा जब गरिब

[२२] स्रोत http://www.xe.com/ucc/convert/¿ Amount=7000&From=NPR&To=USD

[२३] पुरूष अपराधी कैदी सँगको KII, काठमाडौं १४ फेब्रुवरी २०११ र समुदायका महिला र पुरूष सदस्यहरूसँगको FGD, ललितपुर २२ फेब्रुवरी २०११ ।

[२४] पुरूष अपराधी कैदीसँगको KII, काठमाडौं १४ फेब्रुवरी २०११ ।

परिवारका युवाहरू काठमाण्डौ आउँछन् उनीहरू सोचे भन्दा महँगो जिवनशैलीलाई धान्न सक्दैनन् र भने जस्तो रोजगारी पनि पाउँदैनन् अनि उनीहरूका लागि अपराधिक समूहमा संलग्न हुनु एउटै बाँच्ने उपाय हुन जान्छ । उपत्यका बाहिरका जिल्लाका समुदायका प्रतिनिधिहरूको भनाईमा अपराधिक समूहका तल्लोतहका सदस्यहरू माथिल्लोतहको नाइकेको आदेश र निर्देशन अनुसार आफ्नै गृह जिल्लामा आपराधिक धन्दा सञ्चालन गर्दछन् । उनीहरूले आफ्नो काम अनुसार मुनाफाको निश्चित प्रतिशत प्राप्त गर्दछन् । समुहको नाइकेहरूलाई आफूहरूले 'ठूलो दाई' मान्दछन् र आफ्नो गरिबी र गाउँले जीवनबाट आपराधिक संसार भित्रको सुख र सम्पन्नतामा पुऱ्याउन मद्दत गर्ने उदाहरणीय व्यक्तित्वको रूपमा आदर गर्दछन् । केही दोषी अपराधीहरूका अनुसार उनीहरू जब अपराधिक कार्यकलापमा एउटा समह भित्र सफल हुन्छन्, केही तल्लो तहका सदस्यहरू उक्त समूह त्यागेर अर्को आफ्नै समूह गठन गर्दछन् ।

- ☐ **भारत र अन्य मूलुकसँगको सम्बन्ध**

सुरक्षा अधिकारीहरू र दोषी कैदीहरूको भनाइमा धेरैजसो उच्चस्तरीय आपराधिक समूहहरूको सम्बन्ध भारत, पाकिस्तान, दुवई र अन्य दक्षिण एसियाका राष्ट्रहरूमा नक्कली मुद्राको अवैध धन्दा चलाउने भारतीय अपराधीहरूको सञ्जालसँग रहेको छ ।[२५] नेपाल प्रहरीका अनुसार केही उच्च प्रोफाइलका नेपाली अपराधीहरू नक्कली मुद्राको अवैध धन्दामा संलग्न भएकै कारण नेपालमा र नेपाल बाहिर उनीहरूको हत्या समेत भएका छन् । जस्तैः नेपाली सञ्चार क्षेत्रका व्यावसायी जमिम शाहलाई नक्कली नोटको कारोबार गर्ने भारतीय आपराधिक सञ्जालसँग सम्भावित निकटता भएकै कारण उनको हत्या गरियो ।[२६] यद्यपी काठमाडौ उपत्यकाका आपराधिक समूहहरूको भारतीय अपराध सञ्जालसँगको सम्बन्धलाई अझ बुझ्न र निश्कर्षमा पुग्न थप खोज तथा अनुसन्धान हुन आवश्यक छ ।

## ३.५ अपराधमा बढ्दो राजनीतिकरणले गर्दा सरकार र सुरक्षा निकायहरू प्रति घट्दो जनविश्वास

अन्तरवार्तामा सहभागी समुदायका प्रतिनीधिहरूले आपराधीक समूहहरू र राजनीतिकर्मीहरू सम्बन्धको बारेमा गम्भिर चासो देखाएका छन् । जसको कारण सुरक्षा प्रदान गर्न सरकारको सक्षमता प्रति उनीहरूको विश्वास घट्दो छ । दोषी ठहऱ्याइएका अपराधीहरूले यस भनाईलाई पुष्टी गर्ने विचार अन्तरवार्तामा व्यक्त गरे । उनीहरुका अनुसार प्रायस : सबै सङ्गठित आपराधीक समूहहरूको सम्बन्ध कुनै न कुनै राजनीतिकर्मी र सरकारी कर्मचारीहरूसँग हुन्छ । उनीहरूको भनाईमा प्रायजसो राजनीतिकर्मीहरू सङ्गठित अपराधमा मुनाफाको लागि लगानी गर्दछन् जस्तै : तस्करी र घरजग्गा कारोबारमा हुने हिनामिना र सङ्गठित अपराधका समूहहरूलाई रकम दिएर सर्वसाधारणको अहितमा हुने कार्य गराउँदछन् । अन्तरवार्तामा सहभागी समुदायका र दोषी ठहऱ्याइएका अपराधीहरूको बुझाइमा यसको बदलामा राजनीतिज्ञहरूले अपराधिक समुहका सदस्यहरूलाई न्यालय र सुरक्षा निकायबाट हुन सक्ने कानुनी कारबाही बाट जोगाउँदछन् । त्यसैले गर्दा सन्दिग्ध अपराधीहरू प्राय कहिल्यै पक्राउ पर्दैनन् । काठमाण्डौको भद्रगोल जेलका एक जना अपराधी भन्छन् "चुनावको समयमा यी अपराधीक समुहहरूले राजनैतिक नेताहरूलाई सुरक्षा प्रदान गर्दछन् र विपक्षीहरूलाई आतङ्कित बनाउँदै राजनैतिक गुण्डागर्दीको शैलीमा नेताहरूलाई सहयोग गर्दछन् । अहिलेको जस्तो चुनाव नभएको समयमा नेताहरूले अपराधिहरूलाई सुरक्षा प्रदान गर्दछन् । अपराध गरेको खण्डमा पनि उनीहरूलाई पक्राउ गरिदैंन । अपराधिहरूका नाइके जेलमै भएपनि प्रविधिको प्रयोग गरेर खर्चालु र आन्नदको दिनचर्या सँगै आफ्नो व्यावशाय जेलबाटै सञ्चालन गर्दछन् ।"[२७]

## ३.६ काठमाण्डौ उपत्यकाका 'रैथाने' बासिन्दा र 'बाहिरबाट बसाईं आएका' मानिसहरूबीचको तनावले सार्वजनिक सुरक्षा प्रति मानिसहरूको धारणामा असर

द्वन्द्व र त्यसपछिको समयमा काठमाडौ उपत्यकामा देखिएको तीव्र शहरीकरणले यहाँ एकनासे समाजलाई अस्थायी र विविधतायुक्त समाजमा परिवर्तन गरिदिएको छ । अनुसन्धानले के देखाएको छ भने यो संक्रमणले मिलेको समाजलाई केहि हदसम्म असर पार्नुका साथै यहाँका बासिन्दाहरूको समुदायतहमा आफ्नो सुरक्षा विषयमा विचलित बनाएको छ ।

अन्तरवार्तामा सहभागी काठमाण्डौ उपत्यकाका 'रैथाने' अधिकांश सहभागीहरूले आफूहरू देशका अन्य क्षेत्रहरूबाट उपत्यकामा 'बाहिरबाट बसाईं आएका' मानिसहरू भन्दा भिन्न रहेको बताएका थिए । जानेर वा अन्जानमा

[२५] पुरूष अपराधी कैदीसँगको KII, काठमाडौं १४ फेब्रुवरी २०११ र पुरूष सुरक्षा विदसँगको KII, काठमाडौं १७ फेब्रुवरी २०११ ।
[२६] पुरूष सुरक्षा विदसँगको KII, काठमाडौं १७ फेब्रुवरी २०११ र संचार प्रतिवेदनले पुष्टि गरेको http://www.newkerala.com/news/fullnews-51512.html
[२७] पुरूष अपराधी कैदीसँगको KII, काठमाडौं १४ फेब्रुवरी २०११ ।

उनीहरूको विचारमा यीनै बाहिरबाट आएका मानिसहरू काठमाण्डौ उपत्यकामा घट्ने अपराधका कारण हुन् । हरिसिद्धि ललितपुरका एक महिला सहभागि भन्नुहुन्छ "पन्ध्र वर्ष पहिले काठमाण्डौ सुरक्षित थियो । त्यतिबेला मानिसहरू घरमा ताल्चा नलगाई दिनभर खेतमा काम गर्न सक्थे, छिमेकीहरूबाट चोरीको कुनै डर थिएन् तर अहिले अन्यत्रबाट आएका मानिसहरू बहालमा हाम्रा घरमा बसेका छन्; उनीहरू कहाँबाट आएका हामीलाई थाहा छैन । जब घरबाट सामानहरू हराउन थाल्छ तब उनीहरूमाथि नै हामी पहिले शंका गर्छौं ।"[२८] यस्तै खालको विचार भक्तपुर र काठमाडौको च्यासल र डल्लुका सहभागीहरूले पनि राखेका थिए । उनीहरूको विचारमा मानिसहरू जो बाल्यकाल देखि परिचित छन र एकआपसमा जातीय, सांस्कृतिक समानता छ - उनीहरू 'आफ्ना मान्छे' हुन् र उनीहरू प्रति पूर्ण आस्था र विश्वास छ भने बाहिरबाट आएर उनीहरूको समुदायमा बसेका वा कामको सिलशिलामा आएर बसोबास गरेका मानिसहरूलाई उनीहरू सजिलै विश्वास गर्दैनन् ।

नेपालको सन्दर्भमा बाहिरबाट आएर बसोबास गर्ने मानिसहरूप्रतिको काठमाण्डौका 'रैथाने'हरूको नकरात्मक धारणा कुनै अनौठो होइन, यो त सामाजिक परिवर्तन र शहरीकरणको साझा परिणाम मात्र हो । वर्तमान अवस्थामा यो तनावले हिंसात्मक रूप नलिए पनि पछिल्ला वर्षहरूमा यो अझ वृद्धि भएको छ । यसलाई भविष्यमा काठमाण्डौ उपत्यकामा हुनसक्ने सम्भावित हिंसा र असुरक्षाको खतराको रूपमा स्विकार गर्नु पर्दछ र सोही अनुसार अनुगमन गर्नुपर्दछ । समुदायका मानिसहरू यस अघि नै असक्षम सुरक्षा व्यवस्था तथा न्याय सम्पादन, कमजोर शासन व्यवस्था र राजनैतिक पार्टीहरूबाट निराश भैसकेको अवस्थामा यस प्रकारको खतरा प्रासङ्गिक नै छ ।[२९] यो कुरा वर्तमान अवस्थामा पहिचानको विषयलाई लिएर सृजना भएको तनाव विशेष गरी जाति र जातियताको बारेमा काठमाण्डौ उपत्यकाका र देशका सबै ठाउँहरूमा छ । राजनैतिक परिवर्तनको कारण यस्ता तनावले कुनै पनि समयमा काठमाण्डौ उपत्यकाभित्र हिंसा भड्कने सम्भावनालाई प्रशय दिन्छ - सांकेतिकरूपमा देशका विभिन्न भागमा विभिन्न जातीय र सांस्कृतिक पहिचानको विषयलाई लिएर द्वन्द्व बढि रहेको छ ।

## ४. सुझावहरू

यस अध्ययनको नतिजाहरूका आधारमा, सार्वजनिक सुरक्षा व्यवस्था र अपराध निरोधसँग सम्बन्धित सरोकारवालाहरूलाई लक्षित गरी केही प्रारम्भिक सुझावहरू निम्न बमोजिम दिइएको छ । सुझावहरू पूर्णतया अध्ययनका निश्कर्षमा आधारित छन् र त्यसैले यो प्रमुख सरोकारवालाहरूको धारणामा आधारित छ ।

- **काठमाण्डौ उपत्यकामा अपराधको प्रवृत्ति र असुरक्षा विषयमा थप अनुसन्धान गर्नुपर्ने :**

यस अध्ययन पूर्णरूपमा समुदायको धारणा र गुणात्मक तथ्याङ्कमा आधारित छ । यसले असुरक्षा र आपराधिक क्रियाकलापका विषयमा गरिएका अध्ययनको प्रारम्भिक नतिजा दिनुका साथै काठमाण्डौ उपत्यकामा असुरक्षा र आपराधिक कार्यकलापलाई लक्षित गरिने अनुसन्धानलाई सहयोग पुर्‍याएको छ । सुरक्षा व्यवस्था र अपराध निरोधसम्बन्धी संस्थाहरूलाई अपराधको प्रवृत्तिमा हुने परिवर्तनलाई सुचित गर्न थप वृहत अनुसन्धान - गुणात्मक र संख्यात्मक दुवै पद्दतिहरूलाई (विचार सर्वेक्षण, पिडितसम्बन्धी सर्वेक्षण र प्रहरी अपराध तथ्याङ्क) समायोजन गरेर नियमित समयअन्तरालमा सञ्चालन गर्नु पर्दछ । यसको सम्बन्धमा नेपाल प्रहरीले अपराध सम्बन्धी तथ्याङ्क संकलन र अभिलेख राख्न भरपर्दो संयन्त्रको विकास गर्नु पर्दछ । सन् २०१२ को जनवरीमा पुनः समायोजन गरिएको नयाँ अनुसन्धान र विकास (R&D) निर्देशनालयले नेपाल भरि अपराध, असुरक्षा र प्रहरी व्यवस्था विषयमा आवधिक अनुसन्धान सञ्चालन गर्ने योजना सार्वजनिक गरेको छ । यसबाट के आशा गरिएको छ भने अनुसन्धानकर्ताहरूको प्रयासले अपराध र असुरक्षा सम्बन्धी सूचना संकलन गर्न सहयोग गर्दछ । जसले गर्दा विशेष सुरक्षा सन्दर्भ मातहत नीतिनिर्माणका लागि अल्प तथा दिर्घकालीन लक्ष्य र योजनाहरू तयार पार्न सकिने छ ।

- **काठमाण्डौ उपत्यका र देशको अन्य भागमा बढ्दै गएको असुरक्षा, अपराधको प्रवृत्ति र द्वन्द्वको सम्बन्धबारे बुझ्न थप अनुसन्धान गरिनु पर्ने :**

काठमाण्डौ उपत्यका र देशको अन्य भागमा हुर्कदैं गएको असुरक्षा, अपराधको प्रवृत्ति र द्वन्द्वको सम्बन्धबारे बुझ्न थप अनुसन्धान गरिनु पर्छ । उपत्यकाको अपराध, असुरक्षा र द्वन्द्वलाई देशको अन्य क्षेत्रबाट आवतजावत गर्ने मानिसहरू, वस्तुहरू र हतियारआदीसँग जोडेर हेर्ने गरिन्छ, साथै अन्य क्षेत्रमा पनि यसरी नै हेरिन्छ । त्यसैगरेर

---

[२८] समुदायका महिला र पुरूष सदस्यहरूसँगको FGD, ललितपुर २२ फेब्रुवरी २०११ ।

[२९] सेफरवर्ल्ड (२०१०), पानीको व्यापार? नेपालमा सुरक्षा र न्याय, २००९, सेफरवल्ड http://www.saferworld.org.uk/resources/view-resource/441

असुरक्षा र द्वन्द्वको दृष्टिकोणले नेपालमा संवेदनशिल मानिएका क्षेत्रहरू जस्तै : पूर्वी पहाडी जिल्लाहरू, सुदुरपश्चिम क्षेत्र र विराटनगर, वीरगन्ज र धनगढीजस्ता सिमा क्षेत्रका शहरहरू लगायतका ठाउँहरूमा यस्तै प्रकारको विश्लेषण र योजना बनाई अनुसन्धान सञ्चालन गर्नुपर्दछ ।[३०] यसले नेपालभरिको अपराध, असुरक्षा र द्वन्द्वको बारेमा स्पष्ट आवधरणा तयार पार्न सहयोग पुऱ्याउँद छ । राष्ट्रियस्तरमा नीति निर्माण र तिनको कार्यन्वयनमा योजनावद्ध सहयोग पुऱ्याउनुका साथै अपराध र द्वन्द्वनिरोध सम्बन्धी अन्तर्राष्ट्रिय दाताहरूलाई पनि सूचीत गर्दछ ।

☐ **काठमाण्डौ उपत्यकाका विद्यमान समुदाय-प्रहरीबीचको सम्बन्ध सुदृढ बनाउने प्रयासमा सहयोग गर्नुपर्ने**

नेपाल सरकार, अन्तर्राष्ट्रिय समुदाय र नागरिक समाजले समुदाय र प्रहरीवीचको सम्बन्धलाई सुदृढ बनाउन नेपाल प्रहरीको प्रयासमा राजधानी र यसका वरपरका क्षेत्रमा शान्ति सु-व्यवस्था कायम गर्न नेपाल प्रहरीभित्रै स्थापना भएको महानगरीय प्रहरी वृत्तलाई कार्यन्वयनमा सहयोग पुऱ्याउनु पर्दछ । साथै, रणनीतिकरूपमा समुदायिक प्रहरी परिचालन अवधारणाले सम्पूर्ण प्रहरीका कार्यकलापलाई र सार्वजनिक सुरक्षाको आवश्यकतालाई पूरा गर्ने दर्शनलाई सहयोग गर्दछ र नेपाल प्रहरीको यस प्रयासलाई सहयोग गर्नु पर्दछ । यसको कार्यन्वयनका लागि नेपाल प्रहरीले सर्वसाधारणसँगको सकारात्मक सरसहयोग र अन्तरक्रियालाई सक्रियरूपले अघि बढाउनु पर्दछ, जस्तैः नियमित सार्वजनिक छलफलहरू, संयुक्त गाउँटोल सुरक्षा योजनाको विकास, सर्वसाधारणलाई असर पार्ने सानाखाले अपराधको शीघ्र नियन्त्रण (जस्तैः साना चोरीका घटना) र सर्वसाधारणलाई प्रहरी चौकी खुल्ला रहने दिनहरूको व्यवस्था गर्ने । यसरी समुदाय र प्रहरी प्रशासनको सम्बन्ध स्थापित गर्ने योजनालाई सहयोग पुऱ्याउन काठमाण्डौका जातीय र लैङ्गिक विविधता अनुसार महानगरिय प्रहरीको संरचना सन्तुलित रूपमा बनाउनु पर्दछ ।

☐ **नयाँ बनेको विशेषज्ञहरूको अपराध अनुसन्धान व्युरो (CIB) को क्षमतावृद्धिमा नेपाल प्रहरीलाई सहयोग गर्नु**

क) यस अध्ययनले पहिचान गरेका अपराध र असुरक्षाका नयाँ प्रवृत्तिहरूलाई सम्बोधन गर्न प्रहरी प्रतिष्ठानका सबैजसो विभागहरूमा विशेषज्ञहरूको तालिमलाई सहयोग गर्नु पर्छ । यस्ता परिमार्जन गरिएका तालिमहरूमा अपराध अनुसन्धान, आधुनिक प्रविधिहरूको प्रयोग, संगठिक अपराध र हिंसात्मक अपराधविरूद्ध लड्ने रणनीति, सार्वजनिक उत्तरदायित्व र पारदार्शीता लैङ्गिक संवेदनशीलता आदि कार्यक्रमहरू समेटनु पर्दछ । यी माथिका विषयहरूमा CIB र महानगरीय प्रहरी विभागहरूका विशेषज्ञहरूलाई सघन तालिम दिइनुपर्दछ किनभने यिनै विभागहरू काठमाण्डौ उपत्यकाको अपराध नियन्त्रण तथा अनुसन्धान प्रति उत्तरदायी छन् ।

ख) नेपाल प्रहरीभित्रका अपराधशास्त्रीय विश्लेषण र अपराध तथ्याङ्कको प्रयोगमा आधारित क्षमताको वृद्धि गर्नु अपराधका प्रवृत्ति र प्रकारलाई राम्रोसँग बुझ्न र विश्लेषण गर्न र सोही अनुसारको कार्ययोजना बनाई त्यस्ता अपराधलाई नियन्त्रण गर्न यो आवश्यक हुन्छ । विश्लेषकहरूको एउटा इकाइ गठन गरेर उक्त इकाइलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित अभ्यासमा आधारित विशेषज्ञ तालिम दिलाएर र उक्त कार्यदलका सदस्यहरूलाई विदेशमा गएर अपराध विज्ञानमा थप अध्ययन गर्न सहयोग गरेर नेपाल प्रहरीको क्षमता विकास गर्ने ।

ग) प्रमाण व्यवस्थित गर्ने कार्यविधिमा सुधार गरेर र अपराध अनुसन्धान विज्ञानको विश्लेषण गर्ने क्षमताको अभिवृद्धि गरेर अपराध अनुसन्धानको प्रभावकारितालाई सुदृढ बनाउने ।

घ) सङ्गठित अपराधीहरूको अनुसन्धान र फौजदारी अभियोगको कानुनी कारबाहीमा समर्पित हुनेहरूको छुट्टै प्रशासिनक इकाइ बनाउने । धेरै सङ्गठित अपराधमा राजनैतिक मिलिमतोको आशंका हुने हुँदा नेपाल प्रहरीले यस इकाइलाई कारबाही गर्ने पूर्ण उत्तरदायित्व दिनु महत्वपूर्ण हुन्छ ।

☐ **अपराधिक कार्यकलापमा संलग्न हुन सक्ने खतरा भएका युवाहरूमा पहुँच बढाउने-**

अपराधिक समूहहरूमा युवाहरूको सम्भावित भर्तीलाई सहयोग गर्ने कारणहरू सम्बोधनगर्दा विशेष गरी गरिबी बेरोजगारीबाट उत्पन्न हुने नैराश्यता लोभ वा ठूलो सामाजिक प्रतिष्ठा कमाउने लालच आदीलाई - सुरक्षा निकायहरू, सरकार, अन्तर्राष्ट्रिय समुदाय, निजी क्षेत्र र नागरीक समाज एकअर्कामा समन्वय गरी काठमाण्डौ उपत्यका र नजिकका जिल्लाहरूका युवाहरूका लागि आकर्षक वैकल्पिक आयको स्रोत सिर्जना गर्नु पर्दछ । विशेष गरी, निजी क्षेत्रले यस विषयमा सम्भावित उपाय बारे छलफल गर्नुपर्दछ । जस्तै पछाडि परेका युवाहरूलाई प्रशिक्षणकालको रोजगारी र क्षमता विकास योजना मार्फत रोजगारीको मौका सृजना गर्ने जसले गर्दा अन्ततोगत्वा ती युवाहरू स्थानीय र अन्तर्राष्ट्रिय श्रम बजारको मुल्यङ्कन अनुसार रोजगारी प्राप्त गर्न योग्य हुने छन् । सुरक्षा

[३०] सेफरवर्ल्डद्वारा गरिएको ससस्त्र हिंसा न्यूनिकरण अनुसन्धानको निष्कर्ष, २०१२ ।

निकायहरूले विशीष्टीकृत इकाइहरूको स्थापना गर्नुपर्दछ, जसमा लगनशील र कर्तव्यनिष्ट कर्मचारीहरू रहने छन् । उनीहरूले आपराधीक कार्यकलापमा संलग्न हुने खतरामा भएका युवाहरूलाई रचनात्मक सहयोग मार्फत आकर्षित गर्दै समुदायको सुरक्षा र विकासका कार्यकलापमा सहभागी गराउने छन् । त्यसैगरी नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले हाल भएका पहलकदमीलाई सुदृढ बनाउँदै युवाहरूका लागि शिक्षा र रोजगारीलाई सुधार गर्ने, अहिंसाको सन्देश फैलाउने, खेलकुद कार्यक्रम जस्ता रचनात्मक कार्यक्रमहरूमा सहभागीता जनाउने र सञ्चालन गर्ने गरी सामुदायिक यूवा समूहहरूको गठन जस्ता कार्यक्रमहरूलाई सहयोग गर्नुपर्दछ । सरकारले नेपालमा सामाजिक कल्याण संरचना गठनको प्रयासलाई सहयोग गर्नुपर्दछ । यसले समुदायका पिछडिएका युवाहरूलाई सहयोग गर्ने उत्तरदायित्व सहितको सामाजिक कार्यकर्ता निर्माण गर्ने प्रणालीको विकास गर्दछ ।

- **राजनैतिक र अपराधिक प्रभाव विरूद्ध निजिक्षेत्रको संलग्नतालाई सुदृढ गर्नु**

प्रहरी प्रशासन र नीजि क्षेत्र सुरक्षित लगानी र व्यापारको वातावरण सुनिश्चित गर्न मिलेर कार्य गर्नुपर्दछ । दुवैले जबरजस्ती रकम वा चन्दा असुली, आतङ्क, ठेक्कापट्टाको प्रक्रियामा राजनैतिक हस्तक्षेपका घटनालाई कारबाहीका लागि प्राथमिकतामा राख्नु पर्दछ । साथै राजनीतिक पार्टीहरूले पनि संलग्न कार्यकर्ताहरूलाई कारवाही गर्नुपर्दछ । नागरीक समाज, राजनीतिज्ञहरू र अन्तर्राष्ट्रिय समुदायद्वारा राजनैतिक पार्टीहरू माथि बन्द हडताल नगर्न दिइएको दबाबलाई निरन्तरता दिइनु पर्छ । प्रहरी प्रशासन र समुदायविचको सम्बन्ध सुदृढ बनाउने प्रयास स्वरूप नेपाल प्रहरी र स्थानीय व्यवसायीहरूले स्थानिय सुरक्षा आवश्यकतालाई पुरा गर्न नियमित रूपमा छलफलमा सहभागी हुँदै समाधान खोज्नु पर्दछ । अपराध अनुसन्धान व्युरो (CIB) को गठनसँगै नेपाल प्रहरीले यसतर्फ पहलकदमी सुरू गरिसकेको छ । उक्त व्युरोले विशेषगरी आर्थिक अपराधसम्बन्धी अनुसन्धान गर्दछ । जस्तै : अवैध सम्पत्ति, आर्थिक हिनाविना, अपराधीक उद्देश्यकालागि अध्याधुनिक प्रवृत्तिको प्रयोग, जबरजस्ती चन्दा असुली र फिरौतीका लागि अपहरण आदि पर्दछन् । बेरोजगार युवाहरूलाई रोजगारी दिन र अपराधका लागि आर्थिक प्रलोभन घटाउन आफ्नो तर्फबाट व्यवसायीहरूले प्रशिक्षण रोजगारी योजना बनाउन र सरकारी रोजगारीको पहल गर्न लगानी गर्नुपर्दछ ।

**सेफरवर्ल्ड**

सेफरवर्ल्ड एउटा अन्तरार्ष्ट्रिय गैर सरकारी संस्था हो जसले हिंसात्मक द्वन्द्व रोक्न र न्यूनिकरण गर्न र सुरक्षाका लागि सहकारी पद्दतिको प्रवर्द्धन गर्ने कार्य गर्दछ । हाम्रो लक्ष्य भनेको विकास र शान्ति स्थापना प्रयास जोड दिँदै द्वन्द्वनिरोध र सुरक्षा स्थापना गर्नु हो । साथै द्वन्द्वनिरोध र सुरक्षा स्थापनाका कार्यकलापले अन्य सामाजिक, राजनैतिक र आर्थिक विकासमा टेवा पुऱ्याउने छ । सेफरवर्ल्ड विगत २० वर्ष देखि अन्तर्राष्ट्रिय द्वन्द्वनिरोध, शान्ति सुरक्षा र मेलमिलापका विषयमा धारणा सर्वेक्षण, द्वन्द्व विश्लेषण निति निर्माताहरूलाई नतिजा सुचित गर्ने लगायतका अन्य कार्यहरू गर्दै आएको छ ।

कृपया थप जानकारीका लागि jbrethfeld@saferworld.org.uk वा oshah@saferworld.org.uk मा इमेल सर्म्पक गर्नुहोस् ।

**सेफरवर्ल्ड नेपाल कार्यक्रम – सेफरवर्ल्ड नेपाल कार्यालय, झम्सीखेल, ललितपुर नेपाल, पो.ब. नं. १३५७६, स्था. ले. नं. ६०००२५७८४, फोन नं.: +९७७ १ ५५२२४९१, इमेल: general@saferworld.org.uk, वेब: www.saferworld.org.uk**

सेफरवर्ल्ड – २८ चार्ल्स स्क्वायर, लण्डन एन१ ६एचटी, यू.के., च्यारिटी दर्ता नं. १०४३८४३, कम्पनी दर्ता नं. ३०१५९४८, फोन नं. +४४ (0)२० ७३२४४६४६, फ्याक्स नं. ४४ (0)२० ७३२४४६४७, **इमेल:** general@saferworld.org.uk, **वेब:** www.saferworld.org.uk